फोन नं. ४२००३१६
www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:-२०७८/७९
च.नं.:- ०५

मितिः २०७८/०४/०८

विषयः अभिमुखिकरण कार्यक्रममा सहभागिता सम्बन्धमा।

श्री गाउँपालिका/नगरपालिका,
कर्णाली प्रदेशका (सबै)।

कर्णाली प्रदेशका गाउँपालिका/नगरपालिकाहरु अन्तर्गतका वाश युनिटहरु एवम् सामाजिक शाखाहरुलाई **"आपतकालिन अवस्थामा वाश सेवा"** सम्बन्धि भर्चुअल अभिमुखिकरण कार्यक्रममा सहभागिताका लागि खानेपानी मन्त्रालय, खानेपानी तथा वातावरण महाशाखाको च.नं. ०६, मिति २०७८/०४/०७ को पत्र मार्फत अनुरोध भएकोमा प्रस्तुत पत्र प्रेषित गरिएको छ। अतः पत्रानुसारको व्यहोरा अवगत भई कार्यक्रममा सहभागिताका लागि आदेशानुसार अनुरोध छ।

२०७८/४/८
(रीनु थपलिया)
शाखा अधिकत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (वेभसाईटमा अपलोड गरिदिनुहुन) ।
श्री खनेपानी मन्त्रालय, खानेपानी तथा वातावरण महाशाखा ।

खानेपानी मन्त्रालय
(खानेपानी तथा वातावरण महाशाखा)

फोन नं.: ४२११६९३
फ्याक्स : ९७७-१-४२११४३३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७८/०७९
चलानी नं.:- ०६

मिति-२०७८/०४/०७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौ ।

**विषय – कर्णाली प्रदेशस्तरीय पालिकाहरुको वाश अभिमूखिकरण सम्बन्धमा ।**

यस मन्त्रालयको संयोजकत्वमा गठीत राष्ट्रिय वाश क्लष्टरमार्फत राष्ट्रव्यापी रुपमा ७० भन्दा वढी सदस्यहरु एवं सहयोगीहरु मार्फत वाश क्षेत्रमा कार्यक्रमहरु संचालन गर्दै वाश सेवाको विस्तार हुँदै आइरहेको जानकारीका लागि अनुरोध छ ।

यसै सन्दर्भमा देशभरि फैलिएको कोभिड १९ तथा वर्षायामसंग जोडिएका प्राकृतिक विपद्को पूर्व तयारी तथा प्रतिकार्यका लागि प्रदेशमा तथा पालिकाहरुमा रहेका सरोकारवाला, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वयका लागि कर्णाली प्रदेशका पालिकाहरु अन्तर्गतका वाश युनिटहरु एवं सामाजिक शाखाहरुलाइ **"आपतकालिन अवस्थामा वाश सेवा"** सम्बन्धि अभिमूखिकरण कार्यक्रम तपसिल बमोजिमको समय, मिति तथा लिंकमा अनलाइन मार्फत अभिमूखिकरण कार्यक्रम गर्नका लागि सो प्रदेशमा अन्तर्गतका गाउँपालिकाहरु र नगरपालिकाहरुको सहभागिताका लागि आवश्यक व्यवस्था मिलाइ सहयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**तपसिल**

मिति २०७८/०४/१२ गते मंगलबार

समय- दिनको १:३० बजे देखि

लिंक- इमेल मार्फत पठाइने छ ।

..........................
योगेन्द्र चित्रकार
सि.डि.ई